**पत्रकार सम्मेलन**

**आदरणीय पत्रकार साथीहरु !**
**आदिबासी जनजाति अभिवादन !**

संयूक्त राष्ट्र संघको आदिवासी जनजाति सम्बन्धि स्थायी मञ्चले 9, August लाई महत्वपूर्ण दिनको रुपमा विगत दुई दशक देखि विभिन्न नारा एवं कार्यक्रमका साथ विश्व आदिवासी दिवसको रुपमा मनाउँदै आएको छ । ***"Bridging the gaps: Implementing the Rights of Indigenous Peoples"*** **"समानता कायम गर्दै आदिवासी जनजातिको अधिकार कार्यान्वयन गर भन्ने मूल नाराका साथ २० औं अन्तर्राष्ट्रिय विश्व आदिबासी दिवस २०१४**" विश्वभर मनाउँदै छ । यसै सन्दर्भलाई नेपाल आदिवासी जनजाति महासंघले विगतमा जस्तै यस वर्ष आदिबासी जनजातिहरुको अधिकार स्थापित गराउन आन्दोलनका रुपमा मुलुकका विभिन्न जिल्ला, सहर तथा नगरहरु, सम्बन्धन संगठन र विदेश स्थित यस महासंघका सम्बन्धन संगठनहरुले मनाईंदै छ भने केन्द्रीय स्तरमा महासंघको केन्द्रीय सचिवालयले यही २०७१ श्रावण १५ गतेदेखि २४ गतेसम्म विभिन्न कार्यक्रम सहित वृहत समारोह आयोजना गर्दै छ । यसै सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघले यस वर्षको विश्व आदिवासी दिवसको अवसरमा हरेक वर्षको अगस्ट ९ मा जस्तै यस वर्ष २०७१ सालको विश्व आदिवासी दिवसलाई नयाँ संविधानमा आदिवासी जनजातिको अधिकार सुनिश्चितताको आवश्यकताबारे स्वदेश तथा विदेशमा भएका तमाम आदिवासी जनजातिको चेतना अभिबृद्धि गर्दै, र आदिवासी जनजातिको अधिकार सुनिश्चित भएको संविधान जारी गराउन सरकार, राजनीतिक दल तथा आम नेपालीहरुको ध्यान आकर्षित गर्न आन्दोलनको रुपमा हजारौंको संख्यामा आदिवासी जनजाति महिला, युवा, शिक्षक, विद्यार्थी, वुद्धिजीवि, मजदुर, पत्रकार, उद्योग व्यवसायीहरु, कर्मचारी, श्रमजीवि, अपाङ्ग, नागरिक समाजको सहभागितामा संविधानमा आदिवासी जनजातिको माग, सवाल तथा मुद्दाहरुलाई समावेश गराउन सवैलाई सुसूचित र सचेत गर्न महासंघको सदस्य संगठनहरु, सूचीउन्मुख संगठन र सम्बन्धन प्राप्त संगठनहरुको सक्रियता र सहभागिता काठमाडौमा पत्रकार सम्मेलन, खेलकूद, छलफल, अन्तरक्रिया, विचार गोष्ठी, जलपान, आदिवासी जनजातिको संस्कृति झल्कने झाँकी सहितको ऱ्याली, खानपिन महोत्सव, नेपाल सरकारको उच्च पदस्त व्यक्तित्व तथा प्रतिनिधि, कुटनीतिक नियोगका प्रमुख, अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, संविधानसभा सदस्यहरुलाई समेत अतिथिको रुपमा आमन्त्रण गरी भव्यताका साथ मनाउने निर्णय तय भएको जानकारीका लागि हार्दिक अनुरोध गर्दछौं ।

यी विभिन्न कार्यक्रमहरु मार्फत नेपाल आदिवासी जनजाति महासंघले नयाँ सविधानमा सबैखाले अधिकार, सवाल तथा मुद्दाहरुलाई मुखारित गर्न महत्वपूर्ण भुमिका निर्वाह हुनेछ भन्ने बुझेको छ । विगतमा झैं यो वर्ष पनि विश्व आदिवासी दिवस २०७१ लाई नेपाल आदिवासी जनजाति महासंघले काठमाडौंमा आदिवासी जनजातिका ५९ जातीय संगठन, सूचीउन्मुख संगठनहरु र सम्बन्धन प्राप्त संगठनहरु वीचमा र काठमाडौ बाहिरका जिल्लाहरुमा नेपाल आदिवासी जनजाति महासंघका जिल्ला समन्वय परिषद, नगर तथा

गाउँ समन्वय परिषद र विदेश च्याप्टरले पनि विश्व आदिवासी दिवस २०७१ को अवसरमा विभिन्न प्रचार प्रसार, गोष्ठी, सभासम्मेलन र अन्तरक्रियात्मक कार्यक्रमहरु सहित भव्यताका साथ मनाउने निर्णय गरेको छ। विभिन्न प्रकारका अन्तरक्रिया, विचार गोष्ठि, पत्रकारसम्मेलन, जलपान, आदिवासी जनजातिको संस्कृति झल्कने झाँकी सहितको र्‍याली, खानपिन महोत्सव र मूल समारोहमा नेपाल सरकारको उच्च पदस्त व्यक्तित्व तथा प्रतिनिधि, कुटनैतिक नियोगका प्रमुख, अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधिहरुलाई समेत अतिथिको रुपमा आमन्त्रण गरी २०७१ श्रावण २४ गते काठमाडौंमा मनाइने भएको छ।

***"Bridging the gaps: Implementing the Rights of Indigenous Peoples"***
**"समानता कायम गर्दै आदिवासी जनजातिको अधिकार कार्यान्वयन गर्"**
***आदिबासी जनजातिको अडान ! पहिचान सहितको संघीय संविधान !!***

**२० औं अन्तर्राष्ट्रिय विश्व आदिबासी दिवस २०१४**
**20th International Day of the World Indigenous Peoples**

**कार्यक्रम तालिका**

**यही २०७१ साल श्रावण २४ गते विहान १२:०० बजे टुँडीखेल जाऔं !**
**आदिबासी जनजातिको साँस्कृतिक झलक सहितको विश्व आदिवासी दिवस २०१४ भव्य रुपले सफल पारौं !!**

- **पत्रकार सम्मेलन**

मितिः श्रावण १५ गते अपरान्ह ३.०० बजे, स्थानः फोनिजको कार्यालय

- **खेलकूद कार्यक्रम**

**छेलो र आर्चरी/तारो तथा विभिन्न आदिबासी खेलः** मितिः श्रावण १७ गते, अपरान्ह १२.०० बजे, स्थानः नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण

**फुटबल प्रतियोगिताः** मितिः श्रावण २०-२२ गते, अपरान्ह ११.०० बजे, स्थानः Labrotary Football Ground कीर्तिपुर

- **संघीय समाबेशी शिक्षा प्रणालीको आबश्यकता र चुनौति विषयक वृहत अन्तरक्रियाकार्यक्रम**

श्रावण १८ गते, विहान ११:०० बजे, स्थानः त्रि.वि.वि. कीर्तिपुर, आयोजकः नेपाल आदिबासी जनजाति विद्यार्थी महासंघ

- **पूनर्मिलन तथा सम्मान कार्यक्रम** (महासंघका पूर्व पदाधिकारी तथा सदस्य संगठनहरुका संस्थापक)

श्रावण १९ गते, स्थानः नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण, अपरान्ह २:०० बजे

- **विचार गोष्ठी (नयाँ संविधानमा आदिबासी जनजाति महिलाको अधिकार सुश्चितका लागि आदिबासी जनजाति महिला सभासदहरुको भूमिका)**

श्रावण १९ गते विहान ११:०० बजे, स्थानः अल्फा एण्ड फुडल्याण्ड क्याटरिङ, पूरानो बानेश्वर, काठमाडौं, आयोजकः राष्ट्रिय आदिबासी जनजाति महिला महासंघ

- **नयाँ संविधानमा आदिबासी जनजाति महिलाहरुको हक अधिकार विचार गोष्ठी**

श्रावण २० गते मध्यान्ह १२:०० बजे, स्थानः प्रज्ञा भवन, आयोजकः नेपाल आदिबासी जनजाति महासंघ, महिला विभाग

- **राजनैतिक दलका शीर्ष नेतृत्वसँग वृहत अन्तरक्रिया कार्यक्रम**

श्रावण २१ गते अपरान्ह २:०० बजे, स्थानः किराँत याक्थुङ चुम्लुङ, ललितपुर

- **कुटनैतिक नियोगसँग छलफल कार्यक्रम**

श्रावण २२ गते विहान ८:०० बजे, स्थानः युनियन हाउस

- **पहिचान र संघीयता, राज्यको यूवा नीति र युवा राष्ट्रिय परिषद विषयक वृहत अन्तरक्रिया कार्यक्रम**

श्रावण २२ गते विहान ११:०० बजे, स्थानः प्रज्ञा प्रतिष्ठान, आयोजकः आदिबासी जनजाति युवा महासंघ, नेपाल

- **राज्यको पूनर्संरचना र तमूवान प्रदेश विषयक एक दिवशीय अन्तरक्रिया कार्यक्रम**

श्रावण २२ गते दिउँसो १ बजे, स्थानः तमू ह्यूलको सभाहल, आयोजकः तमूवान प्रदेश संयुक्त मोर्चा

- **अन्तर्राष्ट्रिय संघ/संस्थासँग छलफल कार्यक्रम**

श्रावण २२ गते साँझ ४:०० बजे, स्थानः युनियन हाउस

- **वृहत जलपान कार्यक्रम**

श्रावण २३ गते अपरान्ह ३:०० बजे, स्थान : नेपाल आदिबासी जनजाति महासंघको प्राङ्गण

**वृहत साँस्कृतिक ऱ्याली/झाँकी र साँस्कृतिक झलक सहितको मूल समारोह**

श्रावण २४ गते मध्यान्ह १२:०० बजे, टुँडीखेल, काठमाडौं

**(वृहत साँस्कृतिक ऱ्याली/झाँकी ११ बजे शान्तिबाटिकाबाट सुरु हुनेछ।)**

**स्थापना दिवस तथा पुरस्कार वितरण कार्यक्रम**

श्रावण २७ गते, प्रभातफेरी विहान ७:०० बजे भृकुटीमण्डपबाट, मूल समारोह विहान ९:०० बजे, स्थानः प्रज्ञा प्रतिष्ठान, आयोजकः नेपाल आदिबासी जनजाति पत्रकार महासंघ

***नेपाल आदिबासी जनजाति महासंघको स्वदेश तथा विदेशमा रहेका विभिन्न सम्बन्धन संगठन र सबै जिल्ला/नगर समन्वय परिषदहरुले आ-आफ्नो ठाउँमा गर्ने कार्यक्रममा सक्रियताका साथ सहभागी बनौं।***

***अरुको अधिकार खोस्दैनौं, हाम्रो अधिकार छोड्दैनौं।***

धन्यवाद !

**नगेन्द्रकुमार कुमाल**
अध्यक्ष
नेपाल आदिबासी जनजाति महासंघ
संघीय परिषदको सचिवालय

मितिः २०७१ श्रावण १५ गते, अनामनगर, काठमाडौं